# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।७।९गते

त्रिपुरासुन्दरी नगरपालिका अर्न्तगत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं. ६ मा सञ्चालित तपसील खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल**

| सिलबन्दी दरभाउपत्र नम्बर | खानेपानी योजनाको नाम | उपभोक्ताको समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम रु.(ढुवानी सहित र भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम रु. (पछी फिर्ता नहुने) | बोलपत्र जमानत वापतको रकम रु. |
|---|---|---|---|---|---|
| FU WASH/SQ/ 01/081/082 | फुल्विङ्ग खानेपानी तथा सरसफाई योजना | ०९००९१३९६३८०००११ | २९,१७,९८७.८४ | ३०००.०० | ७२,९५०.०० |

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथि उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी)त्रिपुरासुन्दरी नगरपालिका त्रिपुराकोट बगर डोल्पा शाखामा रहेको माछापुच्छे बैंक स्थित त्रिपुरासुन्दरी नगरपालिका आन्तरिक राजस्व खाता नं.०९०००६८१४१५००१५३ नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि पेस गरेमा खरिद गर्न पाइने छ र दरभाउपत्र पेस गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा वैकमा रहेको खाता नम्बरमा वैकं ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व:घोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको (२०८२।०७।२४गते) कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम वैकं ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य वैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समतिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने साप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रतेक योजनाको छुट्टा छुटै भरि छुट्टा छुटै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न.उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सम्भावित सप्लायर/आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre-Bid Meeting गरिनेछ । यस्तो मीटिंग नगरपालिकाको कर्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) माध्यम बाट समेत गर्न सकिनेछ । साथै सप्लायर/आपूर्तिकर्ताबाट

यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको मध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर/आपूर्तिकर्तालाई समेत दिइनेछ ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढि घटि भएमा कार्य सम्पादन जमानत रकम = [०.८५ × लागत अनुमान — कबोल मुल्य) ×०.५] + ५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे (२०८२।६।२५गते) भित्र प्राप्त भैसक्नुपर्नेछ ।

६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाई भएको सामानको भुक्तानी दिइने छ ।

७. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु अर्को सुचना प्रकाशन गरी जानकारी गराइने छ । त्रिपुरासुन्दरी नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बगर डोल्पामा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

१२. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना त्रिपुरासुन्दरी नगरपालिका को सूचना पाटीमा टाँस गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा त्रिपुरासुन्दरी नगरपालिका डोल्पा अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४६७०५३६८ वा ९८५८०८७७८३) मा सम्पर्क गर्न सकिनेछ ।

खरिद समिति
संयोजक